*"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार: समृद्ध सियारीको मूल आधार"*

# सियारी गाउँपालिका रूपन्देहीको
# आर्थिक वर्ष २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रम

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरु, पत्रकारज्युहरु, सुरक्षाकर्मीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु;**

१. नेपालको संविधान जारी भई राज्यको पुनर्संरचना पश्चात दोस्रो पटक भएको निर्वाचन पछिको प्रथम पटक बसेको सियारी गाउँपालिकाको गरिमामय गाउँसभामा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रम,विनियोजन विधेयक २०७९ र आर्थिक विधेयक २०७९ यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई भाग्यमानी महशुस गरेको छु।

२. संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि पटक-पटक भएका जनआन्दोलन र संघर्षहरुमा शहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। उहाँहरुको परिवार तथा आफन्तजनहरुप्रति गहिरो समवेदना प्रकट गर्दछु।

३. यही बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत आफ्ना रोजाइका जन-प्रतिनिधि छनौट गरी आफ्नो गाउँ समाजको मुहार फेर्ने अहम जिम्मेवारी प्रदान गर्नु भएकोमा सम्पूर्ण मतदाता तथा आम नागरिकलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छु। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गर्नमा अहम भूमिका खेल्नुहुने सम्पुर्ण राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, आम मतदाता, निर्वाचन पर्यवेक्षक, राजनीतिक दल, पत्रकार, विभिन्न संघ-संस्था लगायत सम्पूर्णमा सम्मानका साथ धन्यवाद व्यक्त गर्न चाहन्छु।

४. विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस महामारी रोकथाम र नियन्त्रणमा अग्रपंक्तिमा खटिनु भएका चिकित्सक तथा स्वास्थ्यकर्मी, व्यवस्थापन कार्यमा संलग्न सबै कर्मचारी, सुरक्षाकर्मी तथा जनप्रतिनिधि एवं राजनीतिक दल, समाजसेवी व्यक्तित्वहरू, पत्रकारहरु, कोभिड नियन्त्रणमा नगद तथा सामाग्री उपलब्ध गराई सहयोग गर्नुहुने संघ संस्था तथा दानवीर व्यक्तिहको योगदानलाई उच्च

सम्मान गर्दै महामारी तथा संकटको वेलामा यस्तै एकता तथा समन्वय र सहकार्य मार्फत परिस्थितिको सामना गर्न हामी सधै तत्पर हुनेछौं भन्ने कुरामा विश्वस्त रहेको छु ।

५. संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको माध्यमद्वारा दीगो शान्ती, विकास र समृद्धिमार्फत समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने संवैधानिक मार्गदर्शन अनुरुप नयाँ संरचनाको रुपमा स्थापित स्थानीय तहले पाँच वर्षभन्दा बढी कार्यकाल पूरा गर्दैगर्दा नीति तथा कानून निर्माण, संस्थागत संरचनागत प्रबन्ध, जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास, सुशासन प्रवर्द्धन लगायतका क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएका छन् तथापी गर्नुपर्ने कार्य तथा जन आकाङ्क्षा अझ बढी छन् ।

६. नेपालको संविधान २०७२ ले स्थानीयतहलाई प्रदान गरेका अधिकारहरुको पूर्ण कार्यान्वयन मार्फत आम नागरिकलाई खुसी र सुखी बनाउँदै समृद्ध, सुन्दर तथा सु-संस्कृत गाउँपालिका निर्माण गर्न हामी निर्वाचित जनप्रतिनिधिहरु सधै प्रतिबद्ध रहने विश्वास सम्पूर्ण सियारीवासीलाई दिलाउन चाहन्छौं ।

७. अबको हाम्रो शत्रु भनेकै भोक, रोग, गरिवी, पछयौटेपन, अशिक्षा, अन्धविश्वास नै हो । त्यसलाई चिर्दै समुन्नत र समृद्ध सियारी गाउँपालिका बनाउन हामी जन निर्वाचित प्रतिनिधिहरू सक्षम हुनेछौं किनकी हामीले जनताको सेवा गर्ने सौभाग्य प्रयाप्त गरेका छौं।अतःएकताका साथ अगाडी बढ्दै ***"हाम्रो सियारीः समुन्नत तथा सुन्दर सियारी"*** निर्माणमा जुट्नु आजको आवश्यकता हो ।

८. जनचाहाना छिटो र एकैपटक धैरै विकास भैदियोस भन्ने हुन्छ तर साधन-स्रोतको सिमितताले असिमित आवश्यक्ता एकैपटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरूको प्राथमिकीकरण गर्दै सबै वर्ग क्षेत्र समेट्ने गरी सन्तुलित विकासको अवधारणा अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

९. बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन,२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान संघीय, प्रादेशिक तथा स्थानीय तहको दीर्घकालीन सोच, संघीय पन्ध्रौ योजना र प्रादेशिक प्रथम आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय तहको प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागी राजनीतिक दलहरुका घोषणापत्रहरु,उपलब्ध स्रोत र साधनहरु, सियारी गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरु, राजनैतिक दलहरु, विभिन्न संघ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवि, पत्रकार र सियारी गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेत आधार मानेर बजेट निर्माण गरेकोछु । बार्षिक

बजेट तथा कार्यक्रम सियारी गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजारको रुपमा रहेको ब्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । संघीय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरिक आयको अवस्था समेतको आधारमा रही बजेट निर्माण गरेकोछु ।

१०. **सभाध्यक्ष महोदय**,चालु आ.व ०७८/७९ को योजना तथा कार्यक्रम हरु धैरैजसो कार्यान्वयन तथा निर्माण सम्पन्न भई भुक्तानी लगिसकेका छन। हालसम्म पुजिगत तर्फ ५३.५६ % तथा चालु तर्फ ६४.१३% वजेट खर्च भएको छ। वाँकी रहेका योजना तथा कार्यक्रमहरु पनि सम्पन्न भई भुक्तानी प्रकियामा छन । नदिजन्य पदार्थ ठेक्कापट्टा व्यवस्थापन हुन नसक्दा आन्तरिक आयमा दवाव परेको छ।

**सभाध्यक्ष महोदय, अव म आ.व ०७९/८० को राजस्व तथा श्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।**

११. करका दर बढाउने भन्दा पनि करका दायरा फराकिलो बनाउदै लगिने नीति अनुरुप सबैलाई करको दायरामा ल्याई "**समयमै कर तिरौ, सियारी गाउँपालिकाको विकास निर्माणमा सहभागी बनौ**" भन्ने आग्रहका साथ आ.व.२०७९/०८० लाई ***"कर सहभागिताको वर्ष"*** घोषणा गरी अधिकतम करदातालाई करको दायरामा ल्याइने गरी कार्यक्रम संचालन गरिने ब्यवस्था मिलाएको छु।

१२. नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय संकलनका लागि आवस्यक व्यवस्था मिलाएको छु ।

१३. नदीजन्य पदार्थ चोरी, निकासी तथा अवैध उत्खनन रोकथाम , कर चुहावट नियन्त्रण गर्दै आन्तरिक आय बृद्धि गरि आत्म निर्भर उन्मुख हुदैं जाने तथा राजस्व परामर्श समितिले दिएका कर सुधारका सुझावहरुलाई तथा सम्मानित सभाले पारित गरिसकेको नीति तथा कार्यक्रमले अवलम्वल गरेका राजश्व सम्वन्धी व्यवस्था हरुको कार्यान्वयन गर्दै लैजाने ब्यवस्था मिलाएको छु ।

१४. कर संकलनका लागी गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ती शिविरहरु सञ्चालन गर्ने, समयमै कर तिर्ने करातालाई कर छुटको दिने, असल कर दातालाई सम्मान गर्ने ब्यवस्था मिलाएको छु ।

१५. महिला अपाङ्गता भएका व्यक्ति लगायतका कृषक, विरामी ज्येष्ठ नागरिक, बालबालिका नागरिकहरुलाई सम्मान गर्दै तोकिएको विषयमा सिफारिस दस्तुर छुट दिने व्यवस्था मिलाएको छु ।

१६.**सभाध्यक्ष महोदय**, आर्थिक,सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरिवी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै स्वस्थ्य, समृद्ध, आधुनिक तथा सुन्दर गाउँपालिका निर्माण गर्ने दीर्घकालिन सोच पुरा गराउन आ.व २०७९/०८० को गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**आ.व ०७९/८० को लागि आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण निम्ननुसार रहेको छ ।**

- आन्तरिक आय : रु ९ करोड
- घरजग्गा रजिष्ट्रेशन दस्तुर: रु १ करोड ५० लाख
- संघिय सरकार वित्तीय हस्तान्तरण: रु ४३ करोड १३ लाख
- प्रदेश सरकार वित्तीय हस्तान्तरण: रु ३ करोड ६८ लाख २४ हजार
- राजश्व वाँडफाँड वाट प्राप्त रकम : रु १० करोड ४७ लाख १९ हजार
- वन रोयल्टी : रु ५ लाख
- आ.व ०७८/७९ को बैंक मौज्दात: रु २ करोड, १८ लाख ८१ हजार

***जम्मा : रु ७० करोड २ लाख २४ हजार***

- माथि उल्लेखित रकम संचित कोष मार्फत खर्च हुने रकम हो । यसमा सामाजिक सुरक्षा वापतको अनुमानित रकम रु १६ करोड ८१ लाख जोड्दा जम्मा बजेटको आकार **रु ८६ करोड ८३ लाख २४ हजार हुन जान्छ।**

**सभाध्यक्ष महोदय**, अव म सियारी गाउँपालिकाको आ.व ०७९/८० को लागि विषय क्षेत्रगत विनियोजन तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न चाहन्छु।

**(१) आर्थिक विकास**

आर्थिक विकासको क्षेत्रमा सशर्त अनुदानबाट रु. २ करोड १२ लाख र गाउँपालिकाका तथा वडा तर्फका विभिन्न योजना तथा कार्यक्रमहरुमा रु. ३ करोड ४१ लाख १९ हजार गरी जम्मा रु ५ करोड ५३ लाख १९ हजार बजेट विनियोजन गरेको छु । त्यसबाहेक संघीय सरकार र प्रदेश सरकारका थप योजना तथा कार्यक्रमहरु समेत कार्यान्वयन हुने हुँदा अझ बढी जनता लाभान्वित हुने विश्वास लिएको छु ।

**(क) कृषि, पशुपन्छी तथा मत्स्य विकास र सिंचाई**

सियारी गाउँपालिका

१. कृषिलाई आर्थिक समृद्धिको मेरूदण्ड मान्दै **"व्यवसायिक कृषि पेशा अबलम्वन गरौं, आत्मनिर्भर बनौं"** भन्ने उद्देश्यका साथ कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गराउन व्यवसायिक तथा साना कृषकहरूलाई अनुदानको ब्यवस्था मिलाउन आवस्यक बजेट विनियोजन गरेको छ ।

२. दुध उत्पादन, माछा तथा मकै खेतिमा ***उत्पादनमा आधारित अनुदान*** कार्यक्रम संचालन गर्न रु ८० लाख ब्यवस्था गरेको छु । यसबाट कृषि उत्पादनमा वृद्धि भई अपेक्षित आर्थिक वृद्धिको लक्ष्य हाँसिल हुनुका साथै कृषकहरु व्यवसायिक उत्पादन तर्फ आकर्षित हुने विश्वास लिएको छु।

३. कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न तथा युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न कृषकहरुको तथ्याङ्क संकलन गरी निश्चित मापदण्डको आधारमा कृषकको वर्गीकरण गरी कृषक परिचय पत्र वितरण गर्ने कार्यलाई पूर्णता दिन वजेटको व्यवस्था गरेको छु।

४. संघीय सरकारको सहयोगमा आ.व. २०७८/७९ मा सञ्चालित साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिँदै आ.व. २०७९/८० मा मकैबालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिनेछ जसका लागि रु ३१ लाख वजेट व्यवस्था गरेको छु ।

५. माटो र जमिनको रक्षाका लागि रासायनिक मलमा मात्र निर्भर नभै गोठे मल, प्राङ्गारिक मल तथा जैविक मल उत्पादन कार्यमा प्रोत्साहन गरिने छ । यस आ.व मा परिक्षणको रुपमा साझेदारीमा प्राङ्गारिक मल उद्योग स्थापना गर्न वजेटको व्यवस्था गरेको छु।

६. आधुनिक कृषि व्यवसायबाट मात्र उत्पादन बढ्ने, रोजगारीको सृजना हुने हुँदा उत्पादनलाई बढावा दिदैं बजारीकरण गर्ने जसका लागि उपलब्ध हाटबजारहरुको संरचनात्मक सुधार गर्दै सहज रुपमा विनिमय गर्नसक्ने व्यवस्थित हाटबजारमा रुपान्तरण गर्न रु ४५ लाख वजेट विनियोजन गरेको छु ।

७. गाई, भैसी र बाख्रामा नश्न सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ । निःशुल्क कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु जसवाट नश्ल सुधार भएका ३७५० पाडा-पाडि, बाच्छा-बाच्छिको उत्पादन हुनेछ । जसले आगामी दिनमा दुध उत्पादनमा वृद्धि ल्याइ आर्थिक विकासमा उल्लेखनीय सुधार हुने विश्वास लिएको छु।

८. कृषकको सहभागितामा नेपाल सरकार, प्रदेश सरकारसमेतको सहयोग र समन्वयमा तरकारी तथा फलफुलको संरक्षणको लागि शितभण्डार (कोल्डस्टोर) निर्माणको लागि जग्गा व्यवस्थापन तथा डि.पि.आर. तयार गर्नका लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

९. वडा नं. २ च्याङ्गठामा नव निर्मित पशु हाटबजारलाई व्यवस्थित रुपमा सञ्चालन गरी प्रदेशस्तरीय गाईभैंसीको हाटबजारका रुपमा विकास गर्नुका साथै पशु मेला प्रदर्शनी कार्यक्रमका लागि आवस्यक बजेट व्यवस्था गरेको छु । उत्कृष्ट उत्पादक तथा कृषकलाई पुरस्कृत गरी अझ उन्नत पशु उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहन मिल्ने विश्वास गरेको छु ।

१०. फलफुल खेति कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ । ५ बर्षमा कम्तीमा ५० विघाहा जमिनमा फलफुल खेति बिस्तार गर्ने लक्ष्यका साथ आ.व.२०७९/०८० मा फलफुल खेति विस्तारका लागि रु १० लाख विनियोजन गरेको छु । उक्त कार्यक्रम बाट १० विघाहा क्षेत्रफलमा फलफुल खेति विस्तार भई किसानहरुको आयस्तर वढ्नुका साथै वातावरण संरक्षणमा सहयोग पुग्ने विश्वास लिएको छु।

११. ५०% लागत साझेदारिमा कृषक समुहलाई भैंसि पालन व्यवसाय संचालनका लागि रु २५ लाख विनियोजन गरेको छु। जसवाट वार्षिक न्युनतम ३६ हजार लिटर भैंसिको दुध थप उत्पादन भइ दुग्ध उत्पादनमा गाउँपालिका आत्मनिर्भर हुनुका साथै निर्यात समेत हुने विश्वास लिएको छु।

१२. नियमित रुपमा संचालन हुने पशु-पंक्षी खोप कार्यक्रम संचालन, आन्तरिक तथा वाह्य परजिवि विरुद्धको औषधि, पशु आहार तर्फ घाँस खेतिमा अनुदान कार्यक्रम लगायत पशुपंक्षि विकास, मत्स्य विकास, माहुरी पालन, माटो परिक्षण, तेलहन तथा मसला वालि विकास, कृषि तथा पशु यान्त्रिकरण जस्ता विभिन्न कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३. सियारी गाउँपालिकाको तिनाउ तथा दानव नदी क्षेत्रका साथै अन्य सिमसार क्षेत्रमा वाह्रै महिना पाईनुका साथै गर्मी याममा पानीको खोजिमा यस क्षेत्रमा बसाइ सरि आउने सारस संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

१४. भै.लु.भू.ज.अन्तर्गत सञ्चालनमा रहेका पम्मबाट सिचाई सुबिधा लिने कृषकहरुलाई रनिङ्ग चार्जमा ५०% अनुदान उपलब्ध गराउनका लागि रु १५ लाख विनियोजन गरेको छु ।

१५. भूमिगत र लिफ्ट सिँचाई कार्यक्रमलाई उच्च प्राथमिकता दिइ कृषिको उत्पादनमा वृद्धी गर्न सघाउ पुऱ्याउने नीति अनुरुप जीर्ण अवस्थामा रहेका डिप वोरिङ्ग तथा नहरहरु मर्मत गरी संचालन गर्नका लागि वजेट व्यवस्थापन गरेको छु।

१६. उन्नत विउ-विजनको माध्यमवाट उत्पादन वृद्धि गर्नका लागि विउ-विजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन कार्यक्रम संचालन गरिनुका साथै धानबालीको उत्पादन वृद्धिका लागि राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत रु ३५ लाख विनियोजन गरेको छु ।

**(ग) पर्यटन प्रबर्द्धन**

१. पाहुना घर (होमस्टे ) को विकासमार्फत ग्रामीण पर्यटन प्रवर्द्धन गरिने छ । स्थानीय मौलिकता,परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग होमस्टेलाई आवद्ध गरि कार्यक्रम संचालन गर्न वजेट विनियोजन गरेको छु।

२. स्थानीय लोक सँस्कृतिको जगेर्ना गर्दै आन्तरिक पर्यटनलाई आकर्षण गर्न वजेट व्यवस्था गरेको छु ।

३. मत्स्य जोनलाई प्रभावकारी परिचालन र छपियाको माछाको ब्यापक प्रचार र सु-ब्यवस्था मार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने नीति अनुरुप छपियाचोकमा छपियाको पहिचान झल्किने गरी माछाको प्रतिमा स्थापना गर्न रु १० लाख वजेट विनियोजन गरेको छु । यसवाट छपिया क्षेत्रमा आन्तरिक पर्यटकको संख्या उल्लेख्य वृद्धि हुने अपेक्षा गरेको छु।

४. स्थानीय पर्यटकहरुलाई आकर्षित गरी विदाका दिन तथा चाडपर्वहरुमा सियारी भित्रै रम्ने/रमाउने वातावरण सृजना गर्न सुविधा सम्पन्न ***सियारी फन पार्क*** निर्माणका लागि सम्भाव्यता अध्ययन र डि.पि.आर गर्नका लागि वजेट व्यवस्था गरेको छु ।

**(घ) भूमि ब्यवस्था**

१. यस गाउँपालिका भित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित वसोवासीहरुको लगत संकलन भै राष्ट्रिय भूमी आयोगको सफ्टवेयरमा प्रविष्टी भैसकेको छ । आयोगसँगको समन्वयमा जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउने कार्यको तत्कालै शुरुवात गर्न आवस्यक जनशक्ति व्यवस्थापनका लागि वजेट व्यवस्था गरेको छु ।

२. भू- उपयोग ऐन नियमावली तथा  नेपाल सरकारको नीति ,अनुरुप भूमिको वर्गीकरण गरी भूमिको समूचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्नका लागी भू-उपयोग योजना तयार गर्नका लागि वजेट व्यवस्था गरेको छु।

३. भूमिहिन तथा घरबारविहिन नागरिकहरुको लागि एकल तथा सामुहिक आवासको व्यवस्था गरिने छ । जसका लागि तराई-मधेस समृद्धि कार्यक्रम तथा गा पा को साझेदारिमा १४ परिवारलाई आवासको व्यवस्था गर्न रु ७० लाख व्यवस्था गरेको छु ।

### (ङ) उद्योग तथा व्यवसाय

१. स्थानीय स्रोत, साधन ,सामाग्री तथा कच्चा पदार्थको प्रयोग गरी महिलाहरुलाई साना उद्यम मार्फत आय-आर्जनमा संलग्न गराई महिलाको आयस्तर वृद्धि गर्नका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिनेछ । जसका लागि रु २९ लाख वजेट व्यवस्था गरेको छु ।

### (च) श्रम तथा रोजगार प्रबर्द्धन

१. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको अवसर प्रदान गरिनेछ । युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि रु ५१ लाख वजेट व्यवस्था गरेको छु ।

## (२) सामाजिक विकास

### (क) शिक्षा, युवा तथा खेलकुद

१. शिक्षा सबैको सरोकार र अधिकारको विषय हो । सबैले निःशुल्क र गुणस्तरिय शिक्षा पाउनु पर्छ । यसै मान्यतालाई आत्मसात गर्दै आगामी आ.व २०७९/८०को लागि शिक्षा युवा तथा खेलकूदमा शशर्त अनुदानवाट रु १९ करोड ६० लाख, गाउँपालिकाबाट रु २ करोड ९९ लाख ७२ हजार, प्रदेश सरकार शशर्त अनुदान तर्फबाट १५ लाख, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट ६०लाख र वडा तहबाट १करोड १२लाख ५५ हजार गरी कूल २४ करोड ४७ लाख २७ हजार रुपैया विनियोजन गरेकोछु । यो रकम कूल वजेटको ३४ प्रतिशत हुन आउछ भने आन्तरीक तर्फको रकम भने करीव १० प्रतिशत हुन आउँछ । संघीय सरकार र प्रदेश सरकारका थप कार्यक्रमहरु पनि कार्यान्वयन हुनेहुँदा भौतिक पूर्वाधारको क्षेत्रमा अझ बढी बालबालिकाहरु लाभान्वित हुने देख्दछु । सियारीको दश वर्षे शैक्षिक योजना कार्यान्वयन हुदैंजाँदा शिक्षामा थप सुधार हुने विश्वास लिएको छु ।

२. शिक्षित, सभ्य, स्वस्थ्य र सक्षम, सामाजिक न्यायसहितको सम्वृद्ध सियारी गाउँपालिका निर्माण गर्ने शिक्षाको दिर्घकालीन सोच रहेको सन्दर्भमा शिक्षाको विकासमा सूचना प्रविधिमा जोड दिने गरी प्रारम्भिक बालविकासका शिक्षकहरुको पेशागत विकास र प्राथिमक विद्यालयहरु कक्षा १देखि ५ सम्म सञ्चालन भएका ९ सामुदायिक विद्यालयका राहत , स्थायी र करारका २५ शिक्षकलाई ५० प्रतिशत अनुदानमा ल्यापटप लाइ पठनपाठनको साधनको रुपमा प्रयोग गर्न आवश्यक रकमको आवश्यक व्यवस्था गरेको छु ।

३. दरवन्दीको अभावलाई कम गर्न हाम्रो प्रयासमा माध्यमिक विद्यालय कक्षा ९ र १०का लागि विज्ञान, अंग्रेजी र गणित विषयमा शिक्षण सिकाइ अनुदानमा लागि नेपाल सरकारको सशर्त तर्फको रु ६३लाख ८२ हजार र आधारभूत कक्षा ६ देखि ८ सम्म विज्ञान, अग्रेजी र गणित विषयका लागि ३६लाख २४ हजार गरी रु १करोड ६ हजार रुपैयालाई विद्यार्थी संख्या वढी र दरवन्दी न्यून भएका माध्यमिक र निम्नमाध्यमिक विद्यालयहरुमा मावि तहमा रु ३० तीस

हजार र निमावि तहमा २५हजारका दरले प्रतिमहिना स्केल कायम गरी कोटा निर्धारण गर मा.वि.मा थप १३ कोटा र निमामा थप ५कोटा कायमवाट शैक्षणिक क्रियाकलापलाप प्रभावकारी हुने विश्वास लिएको छु। कोटा प्राप्त गर्ने विद्यालयको विवरण यसै साथ सम्लग्न गरको छु।

४. सवै सामुदायिक माध्यमिक विद्यालयहरुमा डिजिटल हवाइट बोर्डको लागि रु ६ लाख विनियोजन गरेको छु।
५. सवै विद्यालयहरुलाई रंगरोगनको व्यवस्था मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रममा विनियोजित रकमबाट गरिने छ।
६. शिक्षकहरुलाई नवपर्वतन अनुसन्धानमा प्रोत्साहन गर्ने शिक्षकहरुका वीच प्रतिस्पर्धा गराउने र २५ वर्ष भन्दा बढी अवधि स्थायी सेवा गरेका शिक्षकहरुलाइ सम्मान गर्ने जस्ता कार्यका लागि रकम विनियोजन गरेको छु।
७. असल अभ्यासहरुको अनुभव आदान प्रदान र प्रतिवध्दता, अवलोकन भ्रमण र प्रअहरुको कार्यसम्पादनको आधारमा प्रोत्साहन जस्ता उत्प्रेणात्मक कार्यक्रमका लागि वजेट विनियोजन गरेको छु।
८. शिक्षा दिवस, सियारी शैक्षिक महोत्सव स्थानीय पाठ्यक्रम निर्माण निर्माणका लागि आवश्यक वजेट व्यवस्था मिलाएको छु।
९. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकसँघको क्षमता अभिवृद्धिको लागि रकमको व्यवस्था मिलाएको छु ।
१०. भौतिक पूर्वाधारका कार्यक्रमहरु राष्ट्रपति शैक्षिक सुधारका वजेटबाट मिलाइनेछ।
११. सियारी गाउँपालिका रहेको वडाको एक मात्र माध्यमिक विद्यालय फर्निचर र जेहेन्दार छात्राहरुको लागि शैक्षिक सामग्री वितरणको लागि रकम विनियोजन गरेको छु।
१२. जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन र प्राविधिक शिक्षामा जोड दिने नीति अनुरुप गाउँपालिकाबाट २ जनाका दरले ३ वटा प्राविधिक विद्यालयमा सि टि इ भि टि मा सियारीका जेहेन्दार र बिपन्न विद्यार्थीलाई निशुल्क अध्ययनका लागि रु ४ लाख वजेट विनियोजन गरेको छु ।
१३. **“स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद”** भन्ने मान्यताका साथ खेलकुद मार्फत सियारीको पहिचान वढाउन खेलकुद विकासतर्फ विभिन्न क्रियाकलापहरुमा जम्मा रु ४४ लाख विनियोजन गरेको छु।
१४. जिल्लास्तरीय क्रिकेट प्रतियोगिता, अध्यक्ष कप रनिङ्ग शिल्ड फुटवल प्रतियोगिता, सियारी कबड्डी प्रतियोगिता र व्याडमिन्टन प्रतियोगिताहरु संचालन गरिने छ। जसका लागि रु १२ लाख विनियोजन गरेको छु।

१५. विभिन्न क्लव तथा संघ संस्थाहरुलाई खेलकुद सामाग्रीहरु वितरण गर्न रकमको व्यवस्था गरेको छु ।

१६. विद्यालय स्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्नका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरुका साथै सियारी शैक्षिक महोत्सव सञ्चालन गरिनेछ । जसका लागि रु ८ लाख विनियोजन गरेको छु।

१७. खेलकुद विकासका लागि प्रशिक्षकको व्यवस्था विभिन्न प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागी गराउनका लागि आवश्यक रकम व्यवस्था गरेको छु।

## (ख) जनस्वास्थ्य तथा पोषण

१. **निशुल्क र गुणस्तरिय आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार रहेको कुरालाई मध्यनजर गर्दै** आगामी आ.व २०७९/८०को लागि स्वास्थ्य तथा पोषणतर्फ शशर्त अनुदानवाट रु ३ करोड २४ लाख, गाउँपालिकावाट रु १ करोड ८९ लाख ५ हजार , वडातह वाट ९ लाख ८८ हजार गरी कूल ५ करोड २२ लाख ९३ हजार रुपैया विनियोजन गरेको छु ।

२. सियारी गाउँपालिकाको वडा नं.४ छपियामा १५ शैयाको अस्पताल निर्माणका लागि निर्माण व्यवसायी छनौट भइसकेकोले संघिय सरकारको समन्वयमा आवस्यक बजेट व्यवस्थापन गरि समयमै निर्माण सम्पन्न हुने व्यवस्था मिलाईने छ।

३. गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ । उचित मापदण्ड तथा कार्यविधि बनाई स्वास्थ्य कर्मीको सिफारिसका आधारमा गर्भवती महिला, असाध्य रोग लागेका विरामी, ७० बर्षमाथिका ज्येष्ठ नागरिक, अति अशक्त "क" र "ख" वर्गको परिचय पत्र भएका अपाङ्ग लगायतलाई रुपन्देही जिल्लाभरी निशुल्क र अन्य विरामीहरुलाई न्यूनतम शुल्कमा एम्बुलेन्स सेवा उपलब्ध हुने व्यवस्था मिलाईएको छ।

४. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरित गर्न मासिक यातायात खर्चमा वृद्धि गरी संघीय सरकार र गा.पा. बाट गरी मासिक रु ३००० पुऱ्याएको छु । साथै महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्य बीमा रकमको ५० प्रतिशत पाउँपालिकाले व्यहोर्ने गरि वजेट व्यवस्थापन गरेको छु।

**५.** आमा र शिशुको स्वास्थ्यलाई ध्यान राखी बर्थिङ्ग सेन्टर तथा अस्पतालमा सुरक्षित सुत्केरी गराउन प्रोत्साहन गरीनेछ । बर्थिङ्ग सेन्टर तथा अस्पतालमा प्रसुती गराइएका

सियारी गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलाहरुलाई कार्यविधि बनाई श्रावण १ गते देखि नै कार्यान्वयन गर्ने गरी **उपाध्यक्ष सहितको सुत्केरी महिलालाई पोषण सामाग्री तथा शिशु स्वागत कार्यक्रम** संचालन गर्न रु १५ लाख वजेट विनियोजन गरेको छु।

६. महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य कर्मीहरुलाई उच्च मनोवलका साथ सेवाप्रवाहमा लगाउन आमा स्वास्थ्य सुरक्षा र बाल स्वास्थ्य सुधार कार्यक्रमका लागि विशेष प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । जसका लागि रु ८ लाख विनियोजन गरेको छु।

७. संघ तथा प्रदेश सरकारको समन्वयमा पाठेघर खस्ने र क्यान्सर स्क्रिनिङ्ग शिविर सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

८. ७० बर्षमाथिका ज्येष्ठ नागरिक, अति अशक्त "क" र "ख" वर्गको परिचय पत्र भएका अशक्त लगाएतलाई घरदैलो उपचार कार्यक्रम सञ्चालन गर्न रु १३ लाख वजेट विनियोजन गरेको छु।

९. सियारी गाउँपालिका भित्रका नागरिकहरुलाई ब्लड आवश्यक परेमा सरल र सहज तरिकाले निःशुल्करुपमा ब्लड-बैंकबाट उपलब्ध गराउन आवस्यक वजेट व्यवस्था गरेको छु ।

१०. नागरिक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरि आयुर्वेद पद्धती र योग अभ्यासको माध्यमबाट शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि कार्यक्रमहरु सञ्चालन गर्न आवस्यक वजेट व्यवस्था गरेको छु ।

११. सिकलसेल एनेमिया रोगका विरामिहरुलाई निशुल्क उपचार गरिने छ साथै सुगर र ब्लड प्रेसरको औषधि निशुल्क वितरणको व्यवस्था गर्न आवस्यक वजेट व्यवस्था गरेको छु ।

१२. नेपाल सरकारको सहयोगमा क्यान्सर,मृगौला तथा मेरुदण्ड रोगबाट पीडित स्थानीय नागरिकलाई मासिक स्वास्थ्य उपचार भत्ताको व्यवस्था का लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

## (ग) खानेपानी तथा सरसफाई

१. खानेपानी तथा सरसफाईतर्फ गाउँपालिका तथा वडातर्फबाट गरी जम्मा रु ६३ लाख ८० हजार विनियोजन गरेको छु ।

सियारी गाउँपालिका

**२.** सबैका लागि स्वच्छ खानेपानी सुबिधा पुऱ्याउनका लागि ओभरहेड ट्याङ्ककी भएका ठाउँमा तीव्रताका साथ पाइपलाइन विस्तार गर्ने कार्यका लागि रु २७ लाख वजेट विनियोजन गरेको छु। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट समेत थप पाइपलाइन विस्तार गरिने छ।

**३.** टोल विकास संस्था परिचालन गर्न रु ७ लाख वजेट विनियोजन गरेको छु।

४. सफा र सुन्दर सियारी अभियान अन्तर्गत २०७९ श्रावण महिनादेखि प्रत्येक महिनाको पहिलो शनिवार जन-प्रतिनिधि, संघ संस्था, शिक्षक, कर्मचारी, आम नागरिक लगायतको सहभागितामा प्रत्येक टोल तथा वस्तिमा सरसफाइ अभियान संचालन गरिने छ। ***"मेरो गोजि ,मेरो पहिलो डस्टविन"*** अभियान संचालन गरिने छ। नमूना, स्वच्छ, सफा र सरसफाइयुक्त पालिका निर्माण गर्ने उद्धेश्यका साथ क्षमता अभिवृद्धि लगायत सचेतनापुर्ण कार्यक्रम संचालन गर्न रु ८ लाख ८० हजार वजेट विनियोजन गरेको छु।

### (घ) महिला, वालबालिका र सामाजिक समावेशीकरण

१. आर्थिक, सामाजिक र शैक्षिकरुपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाती, मुस्लिम, पिछडावर्ग,अपांङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायको उत्थानका महिला, वालबालिका र सामाजिक समावेशीकरण लागि गाउँपालिका तथा वडा तर्फबाट गरी जम्मा रु ८९ लाख ४२ हजार विनियोजन गरेको छु।

२. महिलाहरुको सशक्तिकरण, क्षमता विकास, आयमुलक सीप सिकाइ स्वरोजगार बनाउनको लागि ३२ लाख ४२ हजार विनियोजन गरेको छु। छोरी- बुहारी कम्प्युटर तालिम संचालन गर्न रु ४ लाख विनियोजन गरेको छु।

३. विभिन्न जातीय,भाषिक,धार्मिक तथा सांस्कृतिक विविधताको सम्बोधन र जगेर्ना गर्न विभिन्न कार्यक्रम गर्न रु १५ लाख विनियोजन गरेको छु।

४. अपाङ्गता भएका व्यक्तिहरुको सम्मान, सहयोग, सहायता सामाग्री वितरण, आयमुलक तालिम लगायतका कार्यका लागि रु १७ लाख ५० हजार विनियोजन गरेको छु।

५. ज्येष्ठ नागरिक सम्मानका कार्यक्रम हरुका लागि वडा कार्यालय तथा गा. पा. बाट गरी जम्मा रु ९ लाख २० हजार विनियोजन गरेको छु।

६. वर्षैभरि काम गर्दा पनि दुई छाक खान नपुग्ने अति विपन्न परिवारलाई खाद्यान्न सहयोग कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु।

७. स्थानीय महिला उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको बजार प्रवर्द्धन गर्न कोशेली घर निर्माणका लागि रु ५ लाख विनियोजन गरेको छु।

सियारी गाउँपालिका

## ३. भौतिक पूर्वाधार विकास

१. भौतिक पुर्वाधार विकास तर्फ संघीय अनुदान, प्रदेश अनुदान तथा आन्तरिक स्रोत गरि जम्मा रु १९ करोड ७५ लाख वजेट विनियोजन गरेको छ।

२. शहरोन्मुख क्षेत्र तथा पानी निकासको समस्या भएका वस्तिहरुमा नाली तथा ढल निकासको व्यवस्था गर्दै जाने नीति अनुरुप आवश्यकक वजेट व्यवस्था गरेको छ ।

३. विकासका पूर्वाधारमा सडक पहिलो शर्त हुनाले गुणस्तरीय सडक निर्माणलाई प्राथमिकता दिइनेछ । आगामि आ.व. मा विभिन्न स्थानमा कालोपत्रे सडक निर्माणका लागि रु १० करोड ५० लाख विनियोजन गरेको छ । आवस्यकता अनुसार स्तरिय ग्रावेल तथा कृषि सडक निर्माणका लागि वजेट व्यवस्था गरेको छ ।

४. गाउँपालिका क्षेत्रभित्र सडक सञ्जाल निर्माणका लागि सडक गूरुयोजना तयार गरी व्यवस्थित र योजनाबद्ध तरीकाले स्तरीय सडक सञ्जाल निमार्ण गरिने नीति अनुसरण गरिनेछ । सडक गुरुयोजना निर्माणका लागि आवस्यक वजेट व्यवस्था गरेको छ।

५. शुद्धोधन गा.पा को सियाभार क्षेत्रवाट सुरुभइ लगभग सियारी गा.पा को मध्यभाग हुँदै दानव नदीमा मिसिने सियारी खोलाको गा.पा भित्रको खण्डको दुवैतर्फ २ लेन सडक , फुलवारी, जंगहत्था सामुदायिक वनक्षेत्र र गुम्वा सहितको संरचना तथा सोहि ठाउँको सिंचाइ ड्यामको प्रयोग गरि बोटिङ संचालन सहितको ***सियारी खोला पर्यटन कोरिडोर*** लाई ***सियारी गौरवको योजनाको*** रुपमा घोषणा गरी सकिएकोले सर्भे, डिजाइन तथा डि.पि.आर तयार गर्नका लागि आवस्यक वजेट व्यवस्था गरेको छ ।

६. मर्मत सम्भार कोषको व्यवस्था गरी मौसमी तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको तत्काल मर्मत सम्भारको व्यवस्था गरिनेछ । जसका लागि पूर्वाधार तर्फका हरेक योजनाको लागत अनुमान मै २% रकम मर्मत संभार कोषको लागि छुट्याउने व्यवस्था गरेको छ। साथै उक्त कोषका लागि एकमुष्ट रु ३० लाख विनियोजन गरेको छ।

७. संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने योजनाको लागि समपुरक कोषमा एकमुष्ट रु ४ करोड विनियोजन गरेको छ ।

८. बजार उन्मुखचोकहरुमा शहरी पूर्वाधार निर्माण गरिनेछ । बजार क्षेत्रमा सडक बत्ति तथा सि.सि.टि.भि क्यामेरा जडान गरी नागरिकको सुरक्षालाई प्रत्याभुति गर्न आवस्यक वजेट व्यवस्था गरेको छ।

९. विद्युत वितरण प्रणालीमा आवद्ध नभएका वस्तिहरुमा विद्युत विस्तार लगायत जिर्ण पोलहरुको व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

## (४) वन, वातावरण तथा विपद् व्यवस्थापन

१. बेलबासबेथरी सडक नह-रको दायाँबाँया तथा आसपासका क्षेत्रहरु तथा मठ मन्दिरका खुल्ला स्थानमा विभिन्न जातका बोटविरुवा वृक्षारोपण गरी सुन्दरीकरण गरीनेछ । जसका लागि आवस्यक वजेट व्यवस्था गरेको छु।

२. विभिन्न प्राकृतिक तथा अन्य प्रकोपजन्य परिस्थितिमा तत्काल राहत,खोज, उद्धार र पुन: स्थापना कार्य संचालनका लागि विपद व्यवस्थापन कोषमा रु ४० लाख विनियोजन गरेको छु।

३. प्रकोप वाट घरवास गुमाएका नागरिक तथा अन्य आश्रयस्थल आवस्यक पर्ने व्यक्तिहरुका लागि ***नागरिक विपद सुरक्षा भवन*** निर्माण गर्न रु २० लाख विनियोजन गरेको छु। विपद प्रतिकार्य तालिम संचालन गर्न आवस्यक वजेट व्यवस्था गरेको छु ।

४. घरभित्रैबाट फोहरको वर्गिकरण गर्ने नीति अनुरुप प्लास्टिक तथा शिशाजन्य वस्तुको व्यवस्थापन घर भित्र तथा घर वाहिरको वातावरणिय सरसफाई तथा सामुदायिक ,सरसफाइ सूधार गर्न रु ११ लाख विनियोजन गरेको छु।

५. गाउँपालिका परिसरलाई हरियाली युक्त तथा वातावरण मैत्रि वनाउन गाउँपालिका अँगाडिको खालि क्षेत्रमा पार्क निर्माण गर्नका लागि रु १५ लाख विनियोजन गरेको छु। साथै जंगहत्था तथा चिल्हिया वन संरक्षणका लागि वजेट व्यवस्थापन गरेको छु ।

## (५) सुशासन तथा संस्थागत विकास

१. गाउँपालिका, वडा कार्यालयहरु, विषयगत शाखाहरु, स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुलाई आचरण र अनुशासन पूर्णरुपमा पालना गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्न अभिप्रेरित गरिनेछ ।औचित्य र आवश्यकता अनुसार जिम्मेवारीमा हेरफेर गरी सबैलाई सबै काम गर्न सक्ने गरी सक्षम बनाईनेछ । निर्वाचित जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवस्यक वजेट व्यवस्था गरेको छु।

२. सबै कर्मचारीहरुको कार्य विवरण,काम,कर्तब्य र अधिकार तथा कार्य सम्पादन सम्झौता, जिम्मेवारीमा हेरफेर गर्ने लगायतका विषयमा कार्यविधि बनाई कार्यान्वयन गरिने छ । साविकको स्थानीय निकायमा स्थायी नियुक्ति पाई हाल यस गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुको वृत्ति विकासको लागि आवश्यक कानून बनाई लागु गरिनेछ ।

३. वडा नं ४ मा स्मार्ट वडा कार्यालय निर्माण गरिने छ । बहुवर्षीय योजना अन्तर्गत निर्माणका लागि डि.पि.आर गरि निर्माण कार्य शुरु गर्नका लागि आवस्यक वजेट विनियोजन गरेको छु।

४. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सहकार्यमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गरि व्यवस्थित र अद्यावधिक गरिने कार्यलाई निरन्तरता दिइनेछ । जसका लागि रु १२ लाख वजेट विनियोजन गरेको छु।

५. नियमित र प्रभावकारी बजार अनुगमनको माध्यमबाट गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ । जसका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु ।

६. गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका एवं गाउँक्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न नगर प्रहरीको व्यवस्था गर्नका लागी आवस्यक वजेटको व्यवस्था गरेको छु ।

७. उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी निर्माण कार्यलाई थप गुणस्तरिय बनाउन उपभोक्ता समिति तालिमका लागि रकम विनियोजन गरेको छु। ।

८. संघीय सरकारको नीति अनुरुप राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुको तलव १५% ले वृद्धि गरेको छु साथै खाइपाइ आएको महङ्गी भत्तालाई निरन्तरता दिएको छु । कर्मचारीलाई उच्च मनोवलका साथ कार्यसम्पादनमा लाग्न अभिप्रेरित गर्न पुरस्कार र सम्मानको ब्यवस्था गरेको छु । कार्यबोझ तथा कार्यसम्पादन सूचकका आधारमा कर्मचारीलाई प्रोत्साहन गर्न रकम विनियोजन गरेको छु । गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहकरुको वृत्ति र नविन सिकाइ अनुकरणका लागि आन्तरिक पर्यटन काजलाई निरन्तरता दिएको छु ।

९. गाउँपालिकाको समग्र हित र विकास व्यवस्थापनका लागि समय समयमा विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याउनु भएका ज्येष्ठ नागरिक, सामाजिक, राजनीतिक व्यक्तित्व, समाजसेवी उद्योगी, शिक्षाप्रेमी लगायत महत्वपूर्ण व्यक्तित्वहरुलाई सम्मान गरिने छ । जसका लागि आवस्यक वजेट विनियोजन गरेको छु।

१०. गाउँपालिकामा हालसम्म तर्जुमा भएका स्थानीय कानूनहरुको पालना गर्नु गराउनुका साथै औचीत्यका आधारमा संशोधन तथा परिमार्जन गरिनेछ । संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार कार्यान्वयन गर्न आवश्यक पर्ने थप कानूनहरु ६ महिनाभित्र निर्माण



सियारी गाउँपालिका

गरिने छ । कानूनहरूको कार्यान्वयन गरी गराई विधिको शासन अवलम्वन गरी सुशासन युक्त स्थानीय तहका रुपमा सियारी गाउँपालिकालाई स्थापित गर्न आवस्यक वजेट व्यवस्था गरेको छु ।

११. सेवाग्राहीको सुविधाका लागि सवै वडा कार्यालय तथा गाउँपालिकाभित्र हेल्प डेस्क (सहयोगी कक्ष) को व्यवस्था गरिने छ । जसका लागि रु १० लाख विनियोजन गरेको छु ।

१२. जनताको सर्वोपरी हितलाई ध्यानमा राखी कानूनले अधिकार प्रदान गरेका न्यायिक कार्यलाई निष्पक्ष, व्यवस्थित विश्वासयोग्य, पारदर्शी बनाउदै लगिने छ । मेलमिलापको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइनेछ । सबै वडामा मेलमिलाप केन्द्रलाई क्रियाशील बनाइनेछ जसका लागि न्यायिक समिति तर्फ रु १५ लाख विनियोजन गरेको छु।

१३. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि गर्नका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

१. बजेटको समयमै कार्यान्वयनको लागि श्रावण पहिलो हप्ता भित्र खरिद योजनासहित वार्षिक कार्यतालिका निर्माण गरी भदौ असोजमा साना योजनाको खरिद प्रकृया र कार्तिक र माघ मसान्तभित्र क्रमशः मझौला र ठूला योजनाको उपभोक्ता समिति बनाईसक्ने गरी सम्झौता गरी सक्नुपर्ने प्रस्ताव पेश गरेको छु । यसबाट असार नलाग्दै योजना सम्पन्न भै सक्ने अपेक्षा लिएको छु।

२. सभाध्यक्ष महोदय, यसरी समग्रमा आ.व ०७९/८० को कूल वजेटको आकार जम्मा रु ७० करोड २ लाख २४ हजार रहने गरी सन्तुलित वजेटको प्रस्ताव गरेको छु । जसमध्ये चालुतर्फ रु ३७ करोड ११ लाख १९ हजार (५३ %) र पुजीगत तर्फ रु ३२ करोड ९१ लाख ५ हजार (४७%) प्रस्ताव गरिएको कुरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

३. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तथा राजस्व प्राप्तिको लागि आवश्यक पर्ने विनियोजन विधेयक,२०७९ र आर्थिक विधेयक,२०७९ सम्मानित सभाबाट स्वीकृतिको लागि प्रस्तुत गरेको छु ।

४. वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धी विस्तृत विवरण तथा राजश्वका दरहरु संलग्न अनुसूचिहरुमा प्रस्तुत गरेको छु ।

सियारी गाउँपालिका

अन्त्यमा, बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू प्रभावकारीरुपमा कार्यान्वयन गरी समृद्ध, सुन्दर र समुन्नत सियारी बनाउन सभाका सम्पूर्ण सदस्यहरू लाग्नु हुने छ भन्ने कुरामा विश्वास लिएको छु। यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुनेछ भन्ने अपेक्षासहित आम सियारी गाउँपालिकावासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवि समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु। बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सभाका सम्पूर्ण सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**२०७९/०३/१०**
**धन्यवाद, जय सियारी**
**तारादेवी थारु**
**उपाध्यक्ष**
**सियारी गाउँपालिका, रूपन्देही**

सियारी गाउँपालिका